नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( आर्थिक प्रशासन शाखा )

फो.नं.४२००४६०
४२००२८७
सिंहदरवार काठमाडौं

प.सं. :-२०७७/७८
च.नं. :- ५१

मितिः- २०७७/०५/२३

विषयः- ५ वेडको अस्पताल सञ्चालन सम्वन्धमा।

श्री अस्पताल नभएका स्थानीय तहहरु ६४९ ।

अस्पताल नभएका ६४९ स्थानीय तहहरुमा १ स्थानीय तहमा कम्तीमा ५ वेडको अस्पताल सञ्चालनका लागि आवश्यक बेड लगायत उपकरण र जनशक्ति व्यवस्थापनकोलागि प्रति वेड रु.२ लाखका दरले प्रचलित कानून र स्वीकृत मापदण्ड वमोजिम खर्च गर्ने गरी प्रत्येक स्थानीय तहहरुलाई रु.१० लाख का दरले **कोरोना रोकथाम नियन्त्रण तथा उपचारकोष** सञ्चालक समितिको ११ औं बैठकको निर्णय अनुसार रकम निकासा भै सकेको छ । कम्तीमा ५ बेडको अस्पताल तत्काल सञ्चालन गर्न गराउन आवश्यक पत्राचार तथा समन्वय गरि दिनु हुन भनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखाको च.नं.१२५ मिति २०७७/०५/२३ को पत्र वाट अनुरोध भई आएको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखाको च.नं.१२६ को पत्र र सो पत्र साथ स्थानीय तहमा **कोभिड — १९ अस्थायी अस्पताल संचालन सम्वन्धी मार्गदर्शन** २०७७ संलग्न राखि आवश्यक कार्यान्वयनकोलागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७७/५/२३

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थः-
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
नीति तथा योजना शाखा रामशाहपथ ।
श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय को पत्र र मार्गदर्शन २ पाना संलग्न छ । Wabsite मा अपलोड गरि दिनु हुन ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति तथा योजना शाखा

रामशाहपथ, काठमा
नेपाल

पत्र संख्याः १ (यो) २०७७।७८
च.नं. १८६

मितिः२०७७।०५।२३

विषयः ५ बेडको अस्पताल सञ्चालन सम्बन्धमा ।

श्री स्थानीय तह,
संलग्न ६४९ स्थानीय तह ।

प्रस्तुत विषयमा कोभिड-१९ महामारीबाट प्रायः सबै जिल्ला, स्थानीय तहहरु प्रभावित छन् । संक्रमण फैलिने क्रम अझै बढ्दो क्रममा रहेको देखिन्छ । संक्रमित विरामीहरुलाई राख्न अस्पताल बेडको अभाव देखि थालेको छ । यसर्थ अस्पताल नभएका संलग्न ६४९ स्थानीय तहहरुमा एक स्थानीय तहमा कम्तीमा ५ बेडको अस्पताल सञ्चालनका लागि आवश्यक बेड लगायत उपकरण र जनशक्ति व्यवस्थापनका लागि यसैसाथ संलग्न स्वीकृत कार्यविधि बमोजिम अस्पताल सञ्चालन गर्न प्रति बेड रु.२ लाखका दरले प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरि प्रत्येक स्थानीय तहलाई रु. १० लाखका दरले "कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष" सञ्चालक समितिको ११ औं बैठक (२०७७।०५।२१) को निर्णयानुसार सम्बन्धित को.ले.नि.का. मार्फत निकासा भैसकेको छ । यसर्थ कम्तीमा ५ बेडको अस्पताल सञ्चालन सम्बन्धी कार्य तत्काल गर्न गराउन हुन र सोको प्रगति विवरण यस मन्त्रालयमा पेश गर्न हुन समेत अनुरोध छ ।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

Email:mohp.planning@gmail.com

## स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन, २०७७

कोभिड-१९ महामारी व्यवस्थापन गर्न प्रत्येकस्थानीय तहमा तत्काल ५ शैयाको अस्पतालबाट सेवा शुरु गर्ने उदेश्यले यो मार्गदर्शन जारी गरिएको छ।

१. कुनैपनि सरकारी अस्पतालको सेवा नभएका ६४९स्थानीय तहमा यो मार्गदर्शन अनुसार अस्थायी अस्पताल सेवा संचालन गरिनेछ।

२. स्थानीय तहमा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी ,प्राथमिक स्वास्थ्य केन्द्रका भवन, सामुदायिक भवन वा अस्थाई टहरामा तत्काल कोभिड-१९ बिरामीहरूको उपचार व्यवस्थापन गरिनेछ।

३. अस्पताल संचालन र व्यवस्थापनका लागि देहाय बमोजिमको बजेट व्यवस्था गरिनेछ।

| सि.नं. | विवरण | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | Bed with iv stand, side locker, accessories | ५ लाख | उल्लेखित बजेट नपुग भएमा सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नुपर्नेछ । |
| २ | Drugs | ५० हजार | |
| ३ | 1 Doctor, 2 Nurse, Office Assistant-1 | ४ लाख ५० हजार | |
| | *जम्मा* | १० लाख | |

४. प्रति शैया २ लाखका दरले रु १० लाख प्रति स्थानीय तहलाई उपलब्ध गराइनेछ। यो बजेट ३ महिनाको लागि छुट्याइएको छ।

५. कार्य प्रगतिको आधारमा बजेट थप गरिनेछ। हरेक स्थानीय तहले तोकिएको ढाँचामा प्रतिवेदन गर्नु पर्नेछ।

६. अस्पताल सेवा संघ ,प्रदेश र स्थानीय तहको सहकार्य तथा समन्वयमा संचालन हुनेछ।

७. यसमा कुनै दुबिधा भएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ब्याख

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

## स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन सम्वन्धी मार्गदर्शन, २०७७

### सम्बन्धमा स्पष्ट पारिएको

१. अस्पताल सञ्चालनको लागि तत्काल देहाय बमोजिमको बजेट उपलव्ध गराईने छ ।

| क्र सं | विवरण | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | Bed with IV stand, side locker Other accessories | ५,००,०००।०० | तत्काल उल्लेखित बजेट नपुग भएमा सम्वन्धित स्थानीय तहबाट व्यवस्था गर्नुपर्नेछ । |
| २ | Drugs | ५०,०००।०० | |
| ३ | Staff contract, Doctor -1, Staff nurse-2, Assistant -1 | ४,५०,०००।०० | |
| ४ | जम्मा | १०,००,०००।०० | |

उपलव्ध बजेटको परिधि भित्र रही जनशक्ति लगायतको व्यवस्थापन सम्बन्धित स्थानीय तहबाट नै गर्ने गराउने ।

२. स्थानीय तहले करारमा लिनु पर्ने कर्मचारी संक्षिप्त विधिबाट तत्काल व्यवस्था गर्नु पर्नेछ ।कार्यालय सहयोगीको हकमा स्थानीय तह वा अन्तर्गत कार्यरत मध्येबाट खटाउन सम्भव नभएको अवस्थामा करारमा लिनु पर्नेछ ।

३. प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा अस्पताल स्थापना भएको खण्डमा अतिरिक्त चिकित्सक तथा स्टाफ नर्स करारमा लिनु पर्ने नपर्ने स्थानीय तहले नै निर्धारण गर्न सक्नेछ । कार्यालय सहयोगीका हकमा यथासम्भव स्थानीय तहमा कार्यरत रहेकाहरु मध्येबाट खटाउनु पर्नेछ ।

४. करारमा चिकित्सक/स्वास्थ्यकर्मी/कर्मचारी करारमा लिनु नपर्ने भएमा सो प्रयोजनका लागि विनियोजित रकमबाट सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णयले अस्पतालका लागि आवश्यक औजार उपकरण खरिद गर्न सकिने छ ।

५. अन्य कर्मचारी आवश्यक भएमा स्थानीय तहमा तत्काल कार्यरत स्वास्थ्यकर्मीहरुबाट कामकाजका लागि खटाउन सकिनेछ ।

६. उक्त अस्थायी अस्पताल पछि स्थापना हुने ५/१०/१५ शैयाको अस्पतलमा रुपान्तरण हुने हुँदा अस्थायी अस्पताल सोही स्थानमा सञ्चानल गर्नु पर्नेछ ।

समाप्त

लक्ष्मण अर्याल
सचिव